# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३**　　**सङ्ख्या : ६**　　**मिति : माघ ४, २०७७**

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि २०७७**

उर्लाबारी नगरपालिका

**परिचय :**

मानव बेचबिखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन २०६४ जुन बिशेष ऐनको रुपमा रहेको छ यस बिशेष ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित नियमावली २०६५ को दफा २३ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाइ नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानिय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ । यसै ऐन र नियामावलि तथा निदेर्शिका अनुसार बिगतमा केन्दिय समिती,जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथ मानव बेचबिखन तथा ओसार पसारलाइ नियन्त्रण गर्ने बिबिध कार्यहरु गरिरहेको छ । यसै अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन भएको र सोही नियमावलीको नियम ७ (जिल्ला समितिको काम, कर्तव्य र अधिकार) उपनियम १ (ख) मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एक रूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै स्थानीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघिय राज्यको व्यवस्था मुताबिक स्थानिय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानिय तह संचालन हुदै आइ रहेका छन । उक्त ऐनको दफा १४ मा स्थानिय सरकारले विभिन्न विषयगत समिती उपसमितिहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताबिक यस

उर्लाबारी नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानिय समिति गठन गरिने छ ।

१. **समितिको नाम** : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति

२. **समितिको गठन प्रकृया** :मानवबेचबिखन विरूद्धको स्थानीय समितिको गठन यस प्रकार हुनेछ,

१. पालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, नगर बाल सञ्जाल, नगर बाल अधिकार समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम्‌सेविका तथा स्थानिय विधालयका शिक्षक, स्थानिय प्रहरी आदिको उपस्थितिमा पालिकास्तरीय भेला गर्ने । उक्त भेला पालिकाको प्रमुखको अधक्ष्यतामा बस्नेछ ।

२. सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी स्थानीय समिति गठन गर्नेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) न्यायिक समिति संयोजक | - सदस्य |
| (ग) नगर कार्यपालिकाका महिला सदस्य दलित, अल्पसंख्यक मध्ये बाट एक जना | - सदस्य |
| (घ) इलाका प्रहरी कार्यालयका प्रमुख | - सदस्य |
| (ङ) उर्लाबारी नगरक्षेत्रमा क्रियाशिल पत्राकार एक जना | - सदस्य |
| (च) उर्लाबारी नगरपालिकाका कानुन | |



उर्लाबारी नगरपालिका

अधिकृत/कानुनी सल्लाकार - सदस्य

(छ) मानवबेचबिखनका बिरुद्ध कार्यरत स्थानिय

गै.स.स का प्रमुख तथा प्रतिनिधी एकजना - सदस्य

(ज) मानवबेचबिखनबाट पिडीत प्रभावित वा मानव

बेचबिखनबिरुद्ध कार्यरत महिला एकजना - सदस्य

(झ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ञ) उर्लाबारी नगरपालिकाभित्रका महिला सहकारी

सस्था/समितिका निगरानी समुहका प्रतिनिधि एकजना - सदस्य

(ट) नगरपालिकाभित्रका विद्यालयबाट एकजना शिक्षक प्रतिनिधि - सदस्य

(ठ) उर्लाबारी नगरपालिकाका बाल सञ्जालबाट एकजना

प्रतिनिधि - सदस्य

(ड) उर्लाबारी नगरपालिकाको महिला बालबालिका

शाखाका प्रमुख - सदस्य सचिव

## ३. समितिको काम, कर्तव्य र अधिकार:

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

**(क)** ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।

**(ख)** ऐन नियममा व्यवस्था भए अनुरुप स्थानीय स्तरका पुनर्स्थापना केन्द्र संचालन गर्ने सोको अनुगमन र आवश्यकता अनुसार सहयोग गर्ने ।

**(ग)** मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

**(घ)** स्थानिय स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ।

**(ङ)** आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको संरक्षण र उद्धार गर्ने ।

**(च)** मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू बीच समन्वय गर्ने ।

**(छ)** मानव बेचबिखन तथा ओसारपसार संग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धी प्रतिवेदन सम्बन्धित निकायमा पठाउने,

**(ज)** स्थानीय निकायसंग समन्वय गरी बेचबिखन प्रभावितकालागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने ।

**(झ)** पालिकाका वडाहरुमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण स्थानिय समितिहरु देहाय बमोजिम रहने गरि गठन तथा परिचालन गर्ने

१) वडा अध्यक्ष - संयोजक

२) वडाका महिला सदस्य एकजना - सदस्य

३) स्थानीय प्रहरी प्रमुख तथा निजले तोकेको प्रतिनिधि - सदस्य

४) वडाका विद्यालयका प्र अ वा निजले तोकेको शिक्षक एकजना - सदस्य

उर्लाबारी नगरपालिका

५) वडा बाल क्लब सञ्जालका प्रतिनिधी एकजना - सदस्य

६) मानवबेचबिखन बाट पिडित वा प्रभावित मानव बेचबिखन बिरुद्ध कार्यरत महिला एकजना - सदस्य

७) वडाका स्वास्थ्य स्वयम सेविका एकजना - सदस्य

८) वडा भित्रका महिला सहकारी/समितिका निगरानी समुहका प्रतिनिधि एकजना - सदस्य

९) वडा सचिव - सदस्य सचिव

**४. बैठक सम्बन्धी कार्यविधी :**

१. स्थानीय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता समितिका सयोजक र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. वडास्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।



उर्लाबारी नगरपालिका

(ख) ऐन नियममा व्यवस्था भए अनुरुप स्थानीय स्तरका पुनर्स्थापना केन्द्र संचालन गर्ने सोको अनुगमन र आवश्यकता अनुसार सहयोग गर्ने ।

(ग) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने ।

(घ) स्थानिय स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ।

(ङ) आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको संरक्षण र उद्धार गर्ने ।

(च) मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू बीच समन्वय गर्ने ।

(छ) मानव बेचबिखन तथा ओसारपसार संग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धी प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।

(ज) सम्वन्धित निकायसंग समन्वय गरी बेचबिखन प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने ।

६. यस कार्यबिधिमा उल्लेख गरिएका व्यवस्थामा थप संघिय सरकार र प्रादेशिक सरकार समितिले कुनै निति नियम निमार्ण गरि यस सम्बन्धमा कुनै कुरा व्यवस्था गरेमा सोही अनुरुप हुने छ ।

प्रमाणिकरण मितिः २०७७।०९।२९

आज्ञाले,  
मुरारीप्रसाद घिमिरे  
नि. प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. ५।-*